# नेशनल हाईड्रो पावर कम्पनी लि.
# National Hydro Power Co. Ltd.

बिनायकनगर–१०, नयाँ बानेश्वर, काठमाडौं

## Unaudited Balance sheet (Quarterly)

**As on 30th Ashwin 2081**
**First Quarter ended of Fiscal Year 2081/82**

*Amount in NPR*

| Particulars | This Quarter ending As on 30th Ashwin 2081 | Previous Quarter ending As on 31st Ashadh 2081 | Corresponding Previous Quarter ending As on 30th Ashwin 2080 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non- Current Assets:** | | | |
| **Property, Plant and Equipment** | | | |
| Gross Block | 2,136,111,650 | 2,135,918,437 | 2,057,198,232 |
| Less: Accumulated Depreciation | 1,118,742,474 | 1,112,049,071 | 1,067,724,491 |
| **Net Block** | **1,017,369,176** | **1,023,869,366** | **989,473,740** |
| **Project Work In Progress** | | | |
| Lower Indrawati 4.5 MW | 1,147,093,854 | 1,125,097,863 | 1,041,283,079 |
| **Investments** | | | |
| Investments- Hydro Projects | 729,750,000 | 729,750,000 | 181,575,000 |
| Investments- Others | 455,500 | 455,500 | 455,500 |
| Share Advance for Investment-Hydro Projects | 10,800,000 | 10,300,000 | 594,050,000 |
| **Current Assets:** | | | |
| Advances & Receivables | 157,888,886 | 134,631,081 | 15,854,707 |
| Sundry Debtors | 37,054,036 | 32,331,289 | 21,828,456 |
| Cash & Cash Equivalent | 2,476,402 | 5,265,984 | 18,395,933 |
| | **3,102,887,854** | **3,061,701,083** | **2,862,916,416** |
| **EQUITY AND LIABLITIES** | | | |
| **Shareholders' Funds** | | | |
| Equity Share Capital | 2,467,162,915 | 2,467,162,915 | 2,467,162,916 |
| Share Premium Account | 19,381,817 | 19,381,817 | 16,325,728.22 |
| Reserve and Surplus | (12,457,222) | (9,868,736) | 17,727,793 |
| **Non-Current Liabilities** | | | |
| Term Loans- Project Financing (Lower Indrawati ) | 236,296,843 | 193,454,700 | - |
| Term Loans- Indrwati III | 180,255,503 | 180,364,993 | 131,628,615 |
| Current Liabilities | | | |
| Short Term Borrowings- BGL- Project Financing (Lower Indrawati) | 82,524,786 | 35,000,000 | - |
| Short Term Borrowings - Others | 44,647,346 | 44,764,282 | 45,027,200 |
| Sundry Creditors & Other Payables | 85,075,866 | 131,441,111 | 175,632,878 |
| Provisions | - | - | 9,411,286 |
| | **3,102,887,854** | **3,061,701,083** | **2,862,916,416** |

**UNAUDITED INCOME STATEMENT (Quaterly)**
For the period ending 1st Shrawan 2081 to 30th Ashwin 2081
**First Quarter of Fiscal Year 2081/82**

| Particulars | This Quarter FY 2081-82 | Previous Quarter FY 2080-81 | Corresponding Quarter FY 2080-81 |
|---|---|---|---|
| Revenue | 37,733,801 | 40,223,693 | 65,298,394 |
| Less: Direct Expenses | 21,736,778 | 32,466,762 | 14,920,461 |
| **Gross Profit** | **15,997,022** | **7,756,931** | **50,377,933** |
| Administrative Expenses | 8,907,831 | 14,824,967 | 7,698,609 |
| Employee Benefits- VRS | - | - | 15,179,836 |
| **Profit from Operation** | **7,089,192** | **(7,068,036)** | **27,499,488** |
| Less: | | | |
| Financial Expenses | 2,984,274 | 6,272,838 | 5,369,528 |
| Depreciation | 13,017,370 | 15,111,771 | 14,665,612 |
| Add: | | | |
| Other Income | - | 27,476 | - |
| **Profit Before Tax** | **(8,912,452)** | **(28,425,169)** | **7,464,348** |
| Add: Prior Period Expenses - Written Back | 6,323,966 | 3,479,185 | 70,882 |
| Less: Provision for Bonus | - | - | 149,287 |
| Less: Provision For CSR | - | - | 74,643 |
| Less: Provision for Tax | - | - | 2,578,418 |
| **Net Profit after Tax** | **(2,588,486)** | **(24,945,984)** | **4,591,118** |
| **Balance transferred to Balance Sheet** | **(2,588,486)** | **(24,945,984)** | **4,591,118** |

Note: 1) The above figures are subject to change as per direction of the regulatory/ External Auditors.
2) The figures for previous quarter have been restated , regrouped whereever necessary which might vary from previous quarter published figure.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ सँग सम्बन्धित**

**अनुसूची-१४**

**आ.व. २०८१/०८२ पहिलो (आश्विन मसान्त) त्रैमासिक अवधिको विवरण**

**१. वित्तीय विवरण:**

(क) आ.व. २०८१/०८२ को पहिलो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरू:

| | |
|---|---|
| प्रति शेयर आम्दानी रु. (०.४२) (वार्षिकीकरण), | प्रति शेयर नेटवर्थ रु. १००.३१ |
| प्रति शेयर कुल सम्पत्तिको मुल्य रु. १२५.८० | मुल्य आम्दानी अनुपात (PE Ratio):– (५६१.४७) |

**२. व्यवस्थापकीय विष्लेशण:**

कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालको घटनाहरू:

**क. इन्द्रावति तेश्रो जल विद्युत आयोजना**

यस कम्पनीले सञ्चालन गर्दै आएको इन्द्रावति तेश्रो जल विद्युत आयोजना (७.५ मेगावाट) लाई २०८१ को श्रावण र आश्विन महिनामा इन्द्रावति नदीमा आएको भिषण बाढीको कारणले प्रभाव पारेको छ। सो बाढीको कारण गत वर्षायामको विद्युत उत्पादन घट्न गएको छ भने आयोजानको मरमत सम्भार खर्च समेत बढ्न जानेछ। संरचनाहरूमा भएको क्षतिको बीमा दावी गरिएको छ।

**ख. तल्लो इन्द्रावति जल विद्युत आयोजना**

यस कम्पनीले टेन्डर मार्फत प्राप्त गरेको तल्लो इन्द्रावती जलविद्युत आयोजनाको (४.५ मेगावाट) प्राविधिक, आर्थिक, तथा वातावरणीय अध्ययन समाप्त भइसकेको छ। उक्त आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement) सम्पन्न भइ निर्माण अनुमति समेत प्राप्त भएको छ। यो आयोजनको भत्किएका सुरुङ्ग तथा अन्य संरचनाहरूको पुन: निर्माण कार्य सम्पन्न भएको छ। आयोजना निर्माणको लागि सिभिल काम सुचारु छ। विद्युतीय उपकरण खरिदको प्रकृया सम्पन्न भइ केही सामान आयोजना स्थल पुगिसकेको छ। आयोजना निर्माणको लागि आवश्यक वित्तीय व्यवस्थापनको लागि ज्योति विकास बैंक लि.को अगुवाइमा बनेको consortium सँग ऋण सम्झौता सम्पन्न भइ ऋण प्रवाह शुरु भएको छ। यसको साथै, २०८१ को श्रावण र आश्विन महिनामा इन्द्रावति नदीमा आएको भिषण बाढीको कारण आयोजनामा प्रभाव परेको छ।

**ख. साधारण शेयर बापत भुक्तानी प्राप्त नभएको (calls in arrears) रकमको व्यवस्थापन गर्ने**

कम्पनीको शेयर सूचीकृत गर्दाको बखत देखिकै कम्पनीको हिसाब तथा शेयर रजिष्ट्रार (RTS) को अभिलेखको विश्लेषण गर्दा कम्पनीको रु.१००।- प्रति कित्ताको २२,४७० कित्ता साधारण शेयर बापत जम्मा रु.७,२५,०००।- को आंशिक भुक्तानी मात्र प्राप्त भएको देखिएकोले कम्पनीको हिसाबमा रु.१५,२२,०००।- भुक्तानी प्राप्त नभएको (calls in arrears) देखिंदै आएकोले सोको व्यवस्थापन सम्बन्धी दस्तावेज नेपाल धितोपत्र बोर्डमा अनुमतिको लागि पेश भएको छ।

**ग. अन्य आयोजनामा लगानी**

१. लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.: यस कम्पनीको ४५ प्रतिशत (रु ५८.७२५ करोड रुपैयाँ) लगानी शेयर अभिलेख सम्पन्न भइसकेको लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.ले निर्माण गर्दै आएको तल्लो इर्खुवा जल विद्युत आयोजनाको अधिकांश निर्माण कार्य सम्पन्न भइ सो आयोजनाबाट यसै वर्ष विद्युत उत्पादन गर्ने योजना छ। गत श्रावणमा आएको भिषण बाढीको कारणले आयोजनाका विभिन्न संरचाम तथा विद्युतीय उपकरणमा समेत ठुलो क्षति पुगेकोले आयोजनाबाट विद्युत उत्पादन हुने मिति २०८१ फाल्गुणसम्म सरेको छ। यस कम्पनीको IPO को स्वीकृति नेपाल धितोपत्र बोर्डमा प्रकृयामा रहेको छ।

२. उज्यालो इनर्जि सोल्युसन प्रा.लि.: यस कम्पनीले उज्यालो इनर्जि सोल्युसन प्रा.लि.ले प्रवर्द्धन गर्दै आएको अर्धजलाशययुक्त ३६ मेगावाटको लिखु जलविद्युत आयोजानको अध्ययनमा अगुवाइ गरिरहेको अवस्था छ।

३. पर्फेक्ट इनर्जि डेभलप्मेन्ट प्रा.लि.: यस कम्पनीले पर्फेक्ट इनर्जि डेभलप्मेन्ट प्रा.लि.मा लगानी गरी सो कम्पनीले प्रवर्द्धन गर्दै आएको १५.६२५ मेगावाटको मध्य त्रिशुली गंगा जलविद्युत आयोजना निर्माणमा सहभागी भएको छ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण:**

(क) यस कम्पनीले काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको मुद्दा विचाराधिन अवस्थामा रहेको छ।

(ख) यस कम्पनीको २७औं साभारणसभा गर्न तीन पटक प्रयास गरेको (मिति २०८०/०८/२२, २०८०/०९/०६ तथा २०८०/११/३०) मा उक्त साधारणसभाहरू सञ्चालन गर्न आवश्यक गणपुरक संख्या नपुगे पश्चात कम्पनी रजिष्ट्रार कार्यालय समक्ष बाधा अड्चन फुकुवा गरी दिनका लागि निवेदन समेत गरेकोमा सो बाट पनि कुनै निकास नभएकोले सम्मानित उच्च अदालत, पाटनमा साधारणसभा सञ्चालन गर्न आवश्यक निकासका लागि परेको मुद्दामा हालसम्म हुन नसकेका साधारणसभा सम्पन्न गर्नको लागि मार्ग प्रशस्त हुने गरी फैसला भएको छ। उक्त फैसलाको पूर्णपाठ प्राप्त हुनासाथ साधारणसभा आह्वान गरिने छ।

**४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण:**

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु. २९०.०० | कुल कारोबार दिन | ५७ |
| न्यूनतम मूल्य | रु. १५९.७० | कुल कारोबार संख्या | ८२,९३२ |
| समीक्षा अवधिको अन्तिम मूल्य | रु. २३५.७० | कुल कारोबार शेयर संख्या | २,३६,१६,१९० |

**५. समस्या, चुनौतिहरू तथा रणनीतिहरू:**

क. पूँजी संकलनको सम्बन्धमा: माथि उल्लेखित नयाँ आयोजनाहरूमा लगानी गर्नको लागि आवश्यक पूँजी जुटाउन कम्पनीले विभिन्न विकल्पहरूको अध्ययन गरिरहेको छ।

ख. अन्य आयोजना वा व्यवसायका सम्बन्धमा: यस कम्पनीले अन्य उपयुक्त नयाँ जलविद्युत आयोजना वा विद्युतसँग सम्बन्धित व्यवसाय साझेदारीमा विकास गर्न विभिन्न इजाजतपत्र प्राप्त व्यक्ति तथा संस्थाहरूसँग वार्ता गरिरहेको छ।

**६. संस्थागत सुशासन:**

यस कम्पनीले संस्थागत सुशासनलाई सदैब उच्च प्राथमिकतामा राख्दै आएको र सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ, साथै यसलाई अझ सुदृढ बनाउँदै लैजान यस कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रतिवद्ध रहेको छ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषणा:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उतरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत गर्न आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।